स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

पत्र संख्या:-०८१/८२
चलानी नम्बर:- ६३०

लुम्बिनी प्रदेश, नेपाल ।

मिति:-२०८१/०८/१३

विषय:- प्रस्ताव सहित निकासा माँग पेश गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,
मायादेवी गाउँपालिका, रुपन्देही।

यस कार्यालयको आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेटमा व्यबस्था भएको गुणस्तर सुधारका लागि शैक्षिक व्यवस्थापन अनुदान (एकमुष्ठ अधिकतम माध्यमिक तह सम्म संचालितका लागि १ लाख र आधारभूत तह संचालितका लागि ५० हजार) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम हुनेगरी अनुदान निकासा प्रस्ताव फाईल १५ दिनभित्र पेश गर्नुहुन जानकारी साथ अनुरोध छ।

- प्रस्तावित क्रियाकलाप र लाग्ने खर्चको खाका सहितको वि.व्य.स को निर्णय प्रतिलिपी।
- क्रियाकलाप/कार्यक्रमहरु छनोट गर्दा शैक्षिक र शैक्षणिक सुधार सम्बद्ध हुनुपर्ने।(जस्तै: मूल्याङ्कन/सिकाई परिक्षण, आधारभूत शैक्षिक सामाग्री, बसाई व्यवस्थापन सम्बन्धी सामान्य मर्मत संभार, पानी तथा बिजुली महशुल, पानी, संचार, शौचालय सरसफाई तथा अन्य सामान्य मर्मत संभार आदि सान्दर्भिक क्षेत्रमा दोहोरो खर्च नपर्ने गरी आवश्यकता र औचित्यपूर्ण अन्य क्रियाकलापहरु)
- वि.व्य.स.को निर्णयका आधारमा विद्यालयको वर्तमान अवस्था, प्रस्तावित क्रियाकलाप, क्रियाकलाप प्रस्ताव गर्नुको उधेश्य र अपेक्षित प्राप्ति सहितको विद्यालयको प्रस्तावना।
- रकम निकासा माँग गर्दा उल्लेखित वि.व्य.स.को निर्णय र प्रस्तावना पत्रसहित व्यहोरा खुलाइएको निकासा माँग पत्र।निकासा रकम वि.व्य.स. को निर्णयानुसार खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने।
- आर्थीक वर्षको अन्त्यमा (असार १५ भित्र) खर्चका बिल भरपाई सहित प्रतिवेदन पेश गर्नुपर्ने।

.............................................
कृष्ण प्रसाद ज्ञवाली

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत